प्रतिदिन
१६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २८७ ॥ २०८१ मंसिर २३ गते आईतबार (8th Dec 2024 Sunday) | Pratidin National Daily | मूल्य-रु.५/-

# कांग्रेस ढुक्क, एमालेले समीक्षा गर्दै



झापा(प्रस) । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कांग्रेस र एमाले नेतृत्वको सरकारले राम्रो काम गरिरहेको दाबी गरेका छन्। शनिबार विराटनगरमा नेपाली कांग्रेस कोशीको प्रथम प्रदेश सम्मेलनको उद्घाटन गर्दै सभापति देउवाले राजनैतिक स्थायित्व र सरकारको स्थिरताका लागि नयाँ गठबन्धन बनाइएको बताएका हुन्।

उनले एमालेसँगको सहकार्यप्रति ढुक्क रहन कांग्रेस पंक्तिलाई आग्रह गरे। वर्तमान गठबन्धनलाई २०८४ सम्म निरन्तरता दिइने उनको भनाई छ।

नेपालले कुनै पनि मुलुकसँग ऋण लिन नहुने जिकिर गर्दै देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीले चीन भ्रमणमा कुनै ऋण सम्झौता नगरेको बताए। ओलीले बेल्ट एण्ड रोड इनिसिएटिभ्स (बीआरआई) परियोजनाअन्तर्गत अनुदानमा मात्रै सहमति गरेर आएको सभापति देउवाको दाबी छ। प्रधानमन्त्री ओलीको प्रशंसा गर्दै देउवाले भने, 'उहाँले चीनसँग ऋण लिएको कुरा गर्नुभएन। हामी ऋणको खिलाफ होइन। तर, विश्व बैंक लगायतसँग ऋण लिएका छौं, अन्य राष्ट्रसँग ऋण लिने नीति छैन, ऋणको भार धेरै हुँदा अप्ठ्यारो पर्न सक्ने भएकोले उहाँले महत्वपूर्ण निर्णय गरेर आउनुभएको छा'

सभापति देउवाले वडा वडामा पार्टीको संगठन निर्माण गर्न कार्यकर्ताहरुलाई निर्देशन दिँदै प्रदेश सम्मेलनबाट आएका सुझाव र मार्गदर्शनहरूलाई केन्द्रीय समितिमा लगेर छलफल गराइने जानकारी गराए।

उता एमालेले गठबन्धन सरकारको कामकारबाही, प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमण र स्थानीय तह उपनिर्वाचनको परिणाम समीक्षा गर्ने भएको छ । समीक्षाका लागि केन्द्रीय सचिवालय बैठक मंगलबार बोलाइएको छ । सचिवालय बैठकमा सरकारको कामलाई गति दिने विषयमा छलफल गर्ने तयारी रहेको एमालेका एक पदाधिकारीले बताए । उनका अनुसार सरकारको कामकारबाहीप्रति प्रधानमन्त्री केपी शर्मा ओली आफैं पनि सन्तुष्ट छैनन् । पहिलो सय दिन (कात्तिक ६), दोस्रो सय दिन (माघ १७) र आर्थिक वर्षको अन्त्यसम्ममा गर्नुपर्ने सार्वजनिक सेवा र पूर्वाधार निर्माणका विषयमा प्रधानमन्त्री र विभागीय मन्त्रीबीच गत भदौ २७ मा कार्यसम्पादन सम्झौता भए पनि त्यसअनुरूप काम देखिन सकेको छैन । प्रधानमन्त्री ओलीले भने सरकारको नेतृत्व गरेको एक सय दिन पुगेको अवसरमा सम्बोधन गर्दै लक्ष्यको ७० प्रतिशत काम गरेको दाबी गरेका थिए । तर मुख्य गरी सरकारी सेवामा सुधार देखिएको छैन भने विकास खर्चमा पनि सन्तोषजनक प्रगति छैन ।

ओली सरकार अंकगणितका हिसाबले बलियो भए पनि गठबन्धनको साझा संकल्पमा रूपमा अघि सारिएको सरकारको साझा न्यूनतम कार्यक्रम प्रभावकारी रूपमा लागू हुन सकेको छैन । एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम भने सरकार लक्ष्य पूरा गर्ने दिशामा अघि बढेको दाबी गर्छन् ।

यही बीचमा प्रधानमन्त्री ओलीले चीनको चारदिने औपचारिक भ्रमण गरेका छन् । भ्रमणका क्रममा दुई मुलुकबीच 'बेल्ट एन्ड रोड सहकार्य फ्रेमवर्क' मा सम्झौता भएको छ । एमालेले सचिवालय बैठकबाट प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा बीआरआई सम्झौता गरेकामा धन्यवाद प्रस्ताव पारित गर्ने तयारी गरेको छ । बीआरआईसम्बन्धी सम्झौतालाई प्रधानमन्त्री ओलीले आफ्नो भ्रमणको उपलब्धिका रूपमा उल्लेख गर्दै आएका छन् । तर सम्झौतामा ऋण पनि लिन सक्ने गरी 'एड फाइनान्सिङ मोडालिटी' शब्दावली प्रयोग गरिएकामा सत्तारूढ कांग्रेसकै कतिपय नेताले असन्तुष्टि व्यक्त गरिरहेका छन् ।

ऋणसम्बन्धी विषयलाई लिएर टीकाटिप्पणी सुरु भएपछि प्रधानमन्त्री ओलीले चीनबाट फर्कने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लनासाथ असन्तुष्टि व्यक्त गरेका थिए । 'ऋणसम्बन्धी कुरा चलेको छैन । फेरि ऋणको कुरा कहाँबाट आउँछ ? सधैं ऋण-ऋण-ऋण यो रट किन बजिरहेको छ ?' उनले भनेका थिए ।

पूर्व परराष्ट्रमन्त्री एवं उपमहासचिव प्रदीप ज्ञवालीले कांग्रेस र एमालेबीच शीर्ष तहमा भएको सहमतिपछि बीआरआई सहकार्य फ्रेमवर्कमा सहमति गरिएकाले थप विवाद गर्नुको औचित्य नभएको बताए ।

# छोटा हात्ती गाडीको ठक्करबाट पैदलयात्रीको मृत्यु

झापा(प्रस) । झापाको कन्काईमा छोटा हात्ती गाडीको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । शनिवार बिहान ८:५५ बजे कनकाई नगरपालिका वडा नं. ८ लक्ष्मीपुरको पूर्व बस स्टेन्डस्थित राजमार्गमा बिर्तामोडबाट सुरुङ्गातर्फ जाँदैं गरेको ना ४ च ४०८४ नं.को छोटा हात्ती गाडीले बाटो क्रस गर्दै गरेका पैदलयात्री कनकाई ८ बस्ने ६५ वर्षीय गर्बसिंह राईलाई ठक्कर दिएको थियो । घाइतेलाई उपचारको लागि बिर्तासिटी अस्पतालमा लगि उपचार भइरहेकोमा उपचारको क्रममा बिहान ९:३० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । गाडी र गाडी चालक पर्सा बिरगञ्ज महानगरपालिका वडा नं.१६ बस्ने ३० वर्षीय दिपक गुप्ता इलाका प्रहरी कार्यालय बिर्तामोडको नियन्त्रणमा रहेको डीएसपी कृष्णकुमार चन्दले बताए ।




त्यस्तै आफै अनियन्त्रित भई मोटरसाइकल दुर्घटना हुँदा हल्दिवारीमा चालक गंभीर घाइते भएका छन् । शनिवार दिउँसो २ बजे हल्दिबारी -४ चुडाल चोकस्थित भित्री सडकखण्डमा अधिकारी चोकबाट मंगलबारे बजार जानेक्रममा प्र १-०१-०१४ प ५२५१ नम्बरको मोटरसाइकल आफै अनियियन्त्रत भई दुर्घटना हुँदा चालक हल्दिबारी -४ बस्ने अन्दाजी ३५ वर्षीय उज्वल खरेल गंभीर घाइते भएका हुन् । अनुहार र कुममा चोट लागेका खरेलको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको र मोटरसाइकल नियन्त्रणमा लिई प्रहरी चौकी जलथलमा राखिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

उता शनिवार बिहानै हायस गाडीको ठक्करबाट एकजनाको घटनास्थलमै मृत्यु भएको छ ।उदयपुरको त्रियुगा नगरपालिका- १० कोलेनिका कार्यालयअगाडि सगरमाथा राजमार्गमा बिहान ५:०५ बजे त्रियुगा- ११ चप्पन बस्ने ४५ वर्षीय परणसेर राईलाई बोक्सेबाट गाईघाट जाँदै गरेको बा प्र-०१-००६ख५८७१ नम्बरको हाइस गाडीले ठक्कर दिएको थियो । ठक्करबाट राईको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । शवलाई जिल्ला अस्पताल ल्याइएको , हायस र गाडी चालक महोत्तरी बर्दिबास बस्ने ४४ वर्षीय रुद्रबहादुर पौडेल जिल्ला प्रहरी कार्यालय उदयपुरको नियन्त्रणमा रहेको जनाइएको छ ।

यसैबीच टिपरको ठक्करबाट साइकलयात्रीको मृत्यु भएपछि सुनसरीको हरिनगरा बजारमा तनाव भएको छ । शनिवार दिउँसो १.१० बजे हरिनगरा गाउँपालिका ४ हरिनगरा बजारमा को १ ख ६४३१ नम्बरको टिपरले ठक्कर दिँदा साइकलयात्री देबानगञ्ज ७ बस्ने ४५ वर्षीय झल्लु उरावको घटनास्थलमै मृत्यु भएको थियो ।

दुर्घटनापछि स्थानीय बासिन्दाले टिपरलाई तोडफोड गरेका छन् । करिव २०० जना स्थानीय भेला जम्मा भई शव उठाउन दिएका थिएनन् । आक्रोशित भीडले टिपरमाथि ढुङ्गामुडा गर्दा स्थिति नियन्त्रणमा लिन प्रहरीले २ सेल अश्रुग्यास प्रहार गरेको थियो । साँझ ५ बजे उक्त टिपरलाई जिल्ला प्रहरी कार्यालय सुनसरीतर्फ लगिएको र स्थानीय जनप्रतिनिधिको उपस्थितिमा शवलाई पोष्टमार्टमका लागि लगिएको प्रहरीले जनाएको छ ।

# निर्माण दिवसमा बृद्धबृद्धालाई न्यानो कपडा वितरण

झापा(प्रस) । झापाका निर्माण व्यवसायीहरुको व्यावसायिक छाता संगठन निर्माण व्यवसायी संघ झापाले रचनात्मक ढंगले १७ औं राष्ट्रिय निर्माण दिवस मनाएको छ ।




संघले शनिबार झापाको कनकाईधामस्थित श्रीकृष्ण प्रणामी मन्दिर आश्रममा आश्रय लिएर बसिरहेका दुई दर्जनजति बृद्धबृद्धालाई जाडोमा न्यानोका लागि ओढ्ने कम्बल (ब्ल्याङ्केट) वितरण गरेर दिवस मनाएको हो । शनिबार विहानै आश्रम पुगेका संघका अध्यक्ष मिलन बस्नेत, कोशी प्रदेश अध्यक्ष मोहनप्रसाद अधिकारी, अग्रज निर्माण व्यवसायी शेरबहादुर थापा, संघका पदाधिकारी-सदस्यलगायत निर्माण व्यवसायीहरुले कम्बल वितरण गरेका थिए ।

आश्रम परिसरमा आयोजित संक्षिप्त कार्यक्रमका बीच कम्बल वितरण गरिएको थियो । संघका अध्यक्ष बस्नेतको अध्यक्षतामा आयोजित कार्यक्रमको सञ्चालन महासचिव पुष्पराज निरौलाले गरेका थिए । संघले सामाजिक उत्तरदायित्वअन्तर्गत आश्रममा आश्रित बृद्धबृद्धालाई कम्बल वितरण गरिएको महासचिव निरौलालले बताए ।

संघले निर्माण दिवसकै अवसर पारेर शनिबार नै झापाको धार्मिक तथा पर्यटकीय स्थल धनुषकोटीधामको वनभोजस्थलमा बृहत वनभोज पनि आयोजना गरेको संघका कार्यालय सचिव ज्योति पौडेलले बताए ।

निर्माण व्यवसायी संघ झापाको १६ औं वार्षिक साधारणसभा तथा अधिवेशन आगामी पुस २१ र २२ गते विर्तामोडमा गर्ने निर्णय भइसकेको छ ।

यो साधारणसभा तथा अधिवेशनले आगामी तीनवर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्ने भएकोले झापाली निर्माण व्यवसायीमाझ चुनावी चहलपहल पनि शुरु भइसकेको छ ।

# पत्रकार महासंघको अध्यक्षमा पाँच जनाको उम्मेदवार





झापा(प्रस) । नेपाल पत्रकार महासंघको निर्वाचनका लागि अध्यक्ष पदमा पाँच जनाको उम्मेदवारी दर्ता भएको छ ।

अध्यक्ष पदमा निर्मला शर्मा, रमेश विष्ट, कमल गिरी, देवीप्रसाद सापकोटा र लालसिंह (एल एस) लामाको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ । मंसिर २८ गते हुने नेपाल पत्रकार महासंघको ५२ सदस्यीय केन्द्रीय कार्यसमितिका लागि १३३ जनाको उम्मेदवारी परेको हो। महासंघको निर्वाचन कार्यतालिका अनुसार शुक्रवार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म मनोनयन दर्ता गर्न समय तोकिएकोमा उक्त समयभित्र ४७ पदका लागि १३३ जनाको उम्मेदवारी दर्ता भएको हो । निर्मला शर्माले प्रेस चौतारीसहितको प्यानलबाट उम्मेदवारी दिएकी हुन् भने कमल गिरी प्रेस सेन्टर नेपाल नेतृत्वको संयुक्त प्यालनबाट उम्मेदवार बनेका हुन् । त्यस्तै बिष्टले स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

यस्तै बरिष्ठ उपाध्यक्षमा गोविन्दप्रसाद चौलागाई, दामोदरप्रसाद दवाडी, दीपक आचार्य र रोशन पुरीसहित ४ जनाको उम्मेदवारी परेको छ । चौलागाई चौतारी नेतृत्वको प्यानलका उम्मेदवार हुन् भने पुरी प्रेस सेन्टर नेतृत्वको प्यानलका उम्मेदवार हुन् ।

यस्तै उपाध्यक्ष महिलामा गंगा पौडेल र नितु पण्डितको उम्मेदवारी परेको छ ।

पौडेल प्रेस सेन्टर नेतृत्वको प्यानल र पण्डित चौतारी नेतृत्व प्यानलका उेम्मदवार हुन् । यस्तै महासचिवमा जन्मदेव जैसी, प्रकाश थापा, रामप्रसाद दाहाल र लेखनाथ न्यौपानेको उम्मेदवारी परेको छ । जसमा दाहाल चौतारी नेतृत्वको प्यानल र न्यौपाने सेन्टर नेतृत्वको प्यानलका उम्मेदवार हुन् । यसैगरी खुला सचिवमा सात, महिला सचिवमा तीन, आदिवासी जनजाति सचिवमा तीन, मधेसी सचिवमा तीन, दलित सचिवमा चार, एशोसियट सचिवमा तीन र कोषाध्यक्षमा तीन जनाको उम्मेदवारी परेको निर्वाचन समितिका संयोजक चिरञ्जीवी खनालले बताए ।

# झापामा सत्तापक्षीय र प्रतिपक्षीय पत्रकारबीच प्रतिष्पर्धा हुने

झापा(प्रस) । नेपाल पत्रकार महासंघको निर्वाचनका लागि केन्द्रमा भएको मनोनयन दर्तालाई हेर्दा झापामा पनि सत्तापक्षीय र प्रतिपक्षीय पत्रकारहरुबीच प्रतिष्पर्धा हुने भएको छ ।

सत्तारुढ नेकपा एमालेनिकट प्रेस चौतारी र नेपाली कांग्रेसनिकट प्रेस युनियनको संयुक्त प्यानलसंग प्रतिपक्ष नेकपा माओवादी केन्द्रनिकट प्रेस सेन्टरको नेतृत्वमा अरु दल समर्थक पत्रकारहरुको प्यानलको प्रतिष्पर्धा हुने भएको छ । प्रेस सेन्टरको नेतृत्वमा बन्ने प्यानलबाट डिकेश लामा अध्यक्षमा उठ्ने भएका छन् । सत्तापक्षीय पत्रकारहरुको प्यानलसंघ प्रतिष्पर्धा गर्न आफूहरुको प्यानल बन्ने र सो प्यानलबाट अध्यक्षमा आफूले उम्मेद्वारी दिने लामाले बताए । उनी वर्तमान कार्यसमितिका सचिव हुन् ।

त्यस्तै सत्ता गठबन्धनमा भागवन्डाका क्रममा झापामा प्रेस चौतारीले अध्यक्षको उम्मेद्वार पाउने संभावना देखिएको छ । धेरै जिल्लामा भागवन्डा मिलिसकेपनि झापा, कास्की , पर्सालगायत ६ वटा जिल्लामा अध्यक्षको उम्मेद्वारी कसलाई दिने भनेर टुंगो लागिनसकेको प्रेस चौतारीका नेता गणेश पोखरेलले बताए ।

यसअघि एकराज गिरी प्रेस युनियनबाट अध्यक्ष भइसकेकाले यसपटक झापामा चौतारीलाई नै अध्यक्ष दिनुपर्ने लविङ भइरहेको बुझिएको छ । झापामा दुई ठूला संगठन मिल्दा उम्मेद्वार बन्ने अवसर नपाउने आकांक्षीहरुको स्वतन्त्र प्यानल बन्ने संभावना पनि रहेको छ ।

झापामा पत्रकार महासंघका २२० जना सदस्य रहेका छन् । महासंघको प्रदेश समितिको मनोनयन मंसिर २४ र जिल्ला शाखा र प्रतिष्ठान शाखाको मंसिर २६ गते मनोनयन दर्ता रहेको छ ।

झा.जि.हु.क. नं. ९६/०८०/०८१ । झा. जि.प्र.द.नं. १०४/२०६५/१०/०६ www.pratidindaily.com www.facebook.com/pratidinnationaldaily


# आलोचनापछि पाथीभराको घण्टी बिक्री स्थगन



झापा(प्रस) । पाथीभरा क्षेत्र विकास समितिले पाथीभरा मन्दिरमा सङ्कलन भएका पुराना घण्टी बिक्री प्रक्रिया स्थगित गरिएको छ । घण्टी बिक्रीको विषयलाई लिएर विभिन्न टीकाटिप्पणी आएपछि समितिले सो घण्टी बिक्री प्रक्रिया स्थगन गरेको हो । समितिका कार्यकारी निर्देशक प्रजिन हाङवाङको जारी विज्ञप्तिमा भक्तजन, बुद्धिजीवी, सरोकारवाला र समुदायबाट प्राप्त सुझावका आधारमा घण्टी लिलामी रोक्ने निर्णय गरिएको जानकारी दिए ।

समितिले लिलामी प्रक्रिया स्थगित भए पनि यसबारे थप निर्णय आगामी बैठकमा गरिने विज्ञप्तिमा जनाएको छ । मंसिर १४ गते पुराना घण्टी लिलामी बिक्रीका लागि सार्वजनिक सूचना प्रकाशित गरेको थियो । विभिन्न भक्तजनहरुले पाथीभरामा चढाएका १६ हजार तीन सय ७८ किलो एक सय ग्राम पुराना बिक्रीका लागि घण्टी प्रतिकिलो न्यूनतम रु तीन सय ८० तोकिएर बिक्री प्रक्रिया अगाडि बढाएको थियो । सामाजिक सञ्जालहरुमा घण्टी बिक्रीका विषयलाई विभिन्न आलोचनाहरु आएपछि समितिले पुराना घण्टी लिलामी बिक्री प्रक्रिया स्थगन गरको हो ।

# 'रेड स्टार' गीत गजलका सञ्चालक मृत फेला

झापा(प्रस) । विराटनगर महानगरपालिका-१० मा रहेको 'रेड स्टार' गीत गजलका सञ्चालक शनिबार बिहान मृत फेला परेका छन्।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी वेदप्रकाश जोशीले गीत गजलका सञ्चालक विराटनगर-१२ का ३८ वर्षीय भीम राई मृत फेला परेको जानकारी दिए। उनका अनुसार शुक्रबार राति गीत गजलमै सुतेका राई शनिबार बिहान ८:३० बजेतिर अचेत अवस्थामा भेटिएका थिए। बेहोस अवस्थामा फेला पारेर गीत गजलकै कर्मचारीले उपचारका लागि विराटनगरको कोशी अस्पताल पुर्याए।

अस्पताल पुर्याउनसाथ बिहान ९ बजेतिर चिकित्सकले मृत घोषित गरिदिएको डीएसपी जोशीले बताए। शवलाई पोस्टमार्टमका लागि कोशी अस्पतालमै राखिएको छ। घटनाका बारेमा थप बुझ्न र अनुसन्धान गर्नका लागि वडा प्रहरी कार्यालय विराटनगरबाट इन्स्पेक्टर राजेश दत्त नेतृत्वको टोली परिचालन गरिएको थियो।

प्रारम्भिक अनुसन्धानबाट घटना शंकास्पद नदेखिएको प्रहरीले जनाएको छ। राईलाई उच्च रक्तचाप र मधुमेहको पुरानै समस्या रहेको प्रहरीले पत्ता लगाएको छ। घटना अनुसन्धानको थप प्रक्रिया अघि बढाइएको जोशीले बताए।

# तीन देशको सुन्तला महोत्सव कोलकातामा

झापा(प्रस) । भारत पश्चिम बंगालको कोलकातामा छैठौं सुन्तला महोत्सव शुक्रवारदेखि सुरु भएको छ । सिटी अफ जोएु कम्पनीको आयोजनामा भएको यस किसान र कलाकारहरू सहभागी छन् । ग्रामीण पर्यटन प्रवर्धनका अगुवा राज बासुका अनुसार यो महोत्सव तीन देशबिचको आर्थिक तथा सांस्कृतिक सम्बन्ध विकासको महत्त्वपूर्ण माध्यम बन्न सक्छ । विशेषगरी कोशी प्रदेश सरकारले घोषणा गरेको भ्रमण वर्ष २०८२ का लागि यो महोत्सव रणनीतिक महत्त्वको मानिएको छ । पर्यटन कार्यालय काँकडभिट्टाका अधिकृत निरोज कट्टेलका अनुसार महोत्सवले आगामी वर्ष लाखौं भारतीय पर्यटक आकर्षित गर्न सक्ने अपेक्षा गरिएको छ । महोत्सवमा कोशी प्रदेशका प्रमुख पर्यटकीय गन्तव्य पाथीभरा, चतरा र हलेसीलगायतका धार्मिकस्थलहरूको प्रचारप्रसार पनि गरिएको छ । नेपाली प्रतिनिधि अर्जुनकुमार कार्कीले बंगाली पर्यटकहरूलाई कोशी प्रदेश भ्रमणको निम्तो दिइएको बताए ।



महोत्सवमा नेपाल, भारत र भुटानका सुन्तला उत्पादकहरूको सहभागिता रहेको छ ।एसोसिएसन फर कन्जरभेसन एन्ड टुरिजमले द्विवार्षिक रूपमा आयोजना गर्दैआएको यस महोत्सवको उद्घाटन पश्चिम बंगालका बरुणयन्त्र मन्त्री राजीव बोसले गरे । उद्घाटन समारोहमा मन्त्री बोसले महोत्सवले तीन देशबिचको भाइचारा र सद्भाव अभिवृद्धि गर्ने विश्वास व्यक्त गरे । महोत्सवमा कोशी प्रदेशका विभिन्न जिल्लाबाट सुन्तला, अलैची, एभोकाडो, किवी र बेलिचनलगायतका स्थानीय उत्पादनहरू प्रदर्शनीमा राखिएका छन् । सल्टलेक सिटी सेन्टरमा आयोजित यस तीन दिने महोत्सवमा नेपालका २०० भन्दा बढी होटल व्यवसायी, होमस्टे सञ्चालक,

# झापा गाउँपालिकामा एक वृद्धको हत्या,डुंडमा भेटियो शव

झापा(प्रस) । झापा गाउँपालिका वडा नं ६ मा एक वृद्धको हत्या भएको छ । हत्या गरेर गाईवस्तुले घाँस खाने डँडमा परालले छोपेर राखेको अवस्थामा झापा गाउँपालिका वडा नं ६ की ८१ वर्षीया फूलमणि सोरेनको शव शनिवार साँझ फेला परेको हो । घरका अरु सबै सदस्य मकै रोप्न गएका बेला फूलमणिको हत्या भएको हो । काम सकेर घर फर्किदा वृद्धा फूलमणिलाई नदेखेपछि खोजी गर्नेक्रममा डुँडमा परालले छोपेर राखेको अबस्थामा उनको शव फेला परेको थियो । मृतकका ज्वाइँले डुडको पराल हटाउन खोज्दा बृद्धाको शव देखेको झापा गाउँपालिका वडा नं ६ का वडाध्यक्ष नवीनकिशोर थापाले बताए । मुढामा बसेर तोरीको साग केलाउँदै गर्दा ती वृद्धालाई फरुवाले हानेर हत्या गरेको हुनसक्ने आशंका गरिएको छ । फरुवा घटनास्थलमा फेला परेको छ । प्रहरीले घटनास्थल सिल गरी अनुसन्धान गरिरहेको वडाध्यक्ष थापाले जानकारी दिए । घटनामा संलग्न भएको आशंकामा दुईजनालाई नियन्त्रणमा लिइएको जनाइएको छ ।



# प्रहरी चौकीलाई मोटरसाइकल

झापा(प्रस) ।ताप्लेजुङको मैवाखोला गाउँपालिकाले प्रहरी चौकीलाई मोटरसाइकल प्रदान गरेको छ। शान्ति सुरक्षा व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यसहित गाउँपालिकाले फाकुम्बा अस्थायी प्रहरी चौकीलाई एक थान मोटरसाइकल प्रदान गरेको हो।

गाउँपालिका अध्यक्ष विजयप्रकाश वनेमले दोभान इलाका प्रहरी कार्यालय इन्चार्ज एवम् प्रहरी निरीक्षक ओमप्रकाश पण्डित र अस्थायी प्रहरी चौकी इन्चार्जलाई मोटरसाइकल हस्तान्तरण गरेका छन् । शान्ति सुरक्षा व्यवस्थापनलाई थप व्यवस्थित बनाउनमाा सहयोग पुऱ्याउन मोटरसाइकल उपलब्ध गराएको गाउँपालिका अध्यक्ष वनेमले बताए । मैवाखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु थापा, फाकुम्बाका वडाध्यक्ष केशर लिम्बू, सशस्त्र प्रहरी बल नेपाल ढुङ्गेसाँघु बेसक्याम्पका प्रमुख सशस्त्र प्रहरी निरीक्षक योगाहाङ पतङ्वालगायतको उपस्थितिमा मोटरसाइकल हस्तान्तरण गरिएको छ।

# प्याक्सन बिर्तामोडद्वारा सांस्कृतिक कार्यक्रम संचालन

झापा(प्रस) । निजी तथा आवासीय विद्यालयहरुको संगठन प्याब्सनको नगर कमिटी बिर्तामोडको आयोजनामा दुई दिने नगर स्तरीय सांस्कृतिक कार्यक्रम शुरु भएको छ । बिर्तामोड-२ बेलडाँगीस्थित देवभूमि स्कुलमा संचालन भइरहेको प्रतियोगितामा नगरका २१ वटा विद्यालयले भाग लिएका छन् । पहिलो दिन १२ वर्षमुनिको गायन , १२ वर्षमाथिको सिनियर गायन र कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुको सांस्कृतिक नृत्य प्रतियोगिता संचालन गरिएको थियो । १२ वर्षमुनिको गायनमा बुद्धस्मृति स्कुल प्रथम , निदि सेकेन्डरी स्कुल द्वितीय र विष्णु भगवती स्कुल तृतीय भएको छ । त्यस्तै सिनियर गायनमा निदि सेकेन्डरी प्रथम , कंचनजघा स्कुल द्वितीय र कंचन स्कुल तृतीय भएको छ । त्यस्तै कक्षा ९ देखि १२ सम्मको सांस्कृतिक नृत्यमा चिल्ड्रेन इन्भाइरोमेन्ट प्रथम , निदि सेकेन्डरी द्वितीय र कंचन स्कुल तृतीय भएको प्याब्सन बिर्तामोडका सहकोषाध्यक्ष दीपक चम्लागाँईले जानकारी दिए । प्याब्सन बिर्तामोडका अध्यक्ष सुरेन्द्र खरेलको अध्यक्षता रहेको कार्यक्रमलाई बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्र संग्रौलाले उद्घाटन गरेका थिए । कार्यक्रममा प्याब्सनका जिल्ला ,नगर र पालिकाका पदाधिकारीहरुको उपस्थिति रहेको थियो । त्यस अवसरमा बिर्तामोड नगरपालिकाबाट सेवा निवृत्त भएका नगर शिक्षा अधिकृत दिनेश आचार्यलाई विदाई गरिएको थियो भने सोही पदमा आएकी लासाङ तामाङलाई स्वागत गरिएको थियो । प्याब्सन बिर्तामोडका उपाध्यक्ष अमृत बस्नेतले स्वागत गरेको कार्यक्रमको संचालन सचिव दीपांखर मैनालीले गरेका थिए ।

# बिर्तामोडमा अर्को वृद्धाश्रम थपियो



बिर्तामोड(प्रस) । झापाको बिर्तामोड- ४ स्थित लालीगुराँस भक्तवारी टोलमा नयाँ वृद्धाश्रम (स्नेहा माया घर)को स्थापना भएको छ । शनिवार एक औपचारिक समारोहकाबिच माया घरको उद्घाटन गरिएको हो ।

गुरुप्रसाद-डिकमाया ओभा फाउण्डेशनले माया घर सञ्चालनमा ल्याएको हो । बिर्तामोडका समाजसेवी गुरुप्रसाद ओझाको परिकल्पनामा फाउण्डेशन शुरु गरिएको हो । फाउण्डेशनले वृद्धाश्रम, बालआश्रम र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका लागि आश्रम सञ्चालन गर्ने सदस्य हरि ओझाले जानकारी दिए । गत बर्षबाट सञ्चालनमा आएको माया घरको समाजसेवी तथा शिक्षासेवी गुरुभक्त न्यौपानेले पानसमा दीप प्रज्वलन गरी औपचारिक उद्घाटन गरे । हाल माया घरमा ३ वृद्धा र २ जना वृद्ध आश्रित छन् । विशुद्ध सामाजिक भावनाले सञ्चालनमा ल्याइएको माया घरलाई सहयोग गरिदिन अध्यक्ष गुरुप्रसाद ओझाले आग्रह गरे । कार्यक्रमकै बिच हाल अमेरिकामा रहेका भाईले पठाएको ब्ल्याङ्केट दिदी पवित्रा निरौलाले वृद्धवृद्धालाई प्रदान गरेकी थिइन् ।

नेकपा माओवादी केन्द्र बिर्तामोड ४ का अध्यक्ष राकेशकुमार सिंह, समाजसेवी ध्रुवकुमार शिवाकोटी, लालीगुराँस भक्तबारी टोल विकास संस्थाका अध्यक्ष कान्तिबहादुर कार्की, सिद्धिविनायक भजन कीर्तन मण्डलीकी अध्यक्ष गिता पोखरेल, बिर्तामोड ४ का पूर्व वडाध्यक्ष कुलप्रसाद संग्रौलालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमका वक्ताहरुले सन्तान भएका बुवाआमा वृद्धाश्रम आउने वातावरण बन्न नहुने तर, सहारा नै नभएका वृद्धवृद्धाका लागि आश्रम अतिआवश्यक भएको बताउँदै वृद्धाश्रमको वृद्धिविकासका लागि सहयोग गर्ने प्रतिबद्धता जनाए । कार्यक्रम ओमशान्तिकी पूर्णिमा दिदीले सञ्चालन गरेकी थिइन् ।

यसअघि बिर्तामोड एक किलोमिटरमा रहेको परोपकार अनुसन्धान केन्द्र (वृद्धाश्रम) फाउण्डेशनका अध्यक्ष ओझाकै नेतृत्वमा शुरु गरिएको थियो । उनले तारा नमस्ते बालग्राम, ओमशान्ति, उप्रेती भवन, सिद्धिविनायक गणेश पाञ्चायन मन्दिरलगायतलाई जग्गा प्रदान गरेका छन् ।

# बालबालिकाको श्रवण जाँचका लागि 'मोबाइल अडियोमेट्री भ्यान'




झापा(प्रस) । कोशी प्रदेशका बालबालिकाहरुको श्रवणशक्ति जाँच तथा उपचारका लागि किओच दमक बाल अस्पतालले पहिलो पटक सुविधायुक्त मोबाइल अडियोमेट्री भ्यान (एम.ए.भि.) सञ्चालनमा ल्याएको छ । उक्त भ्यानको प्रयोग गरेर श्रवण परीक्षण घुम्ती सेवा पनि सुरु गरेको छ।

किन्ड एन ओर (नेदरल्याण्ड) र करुणा फाउन्डेसन नेपालको सहयोगमा किओच दमक बाल अस्पतालले नेपालमा नै पहिलो पटक मोबाइल अडियोमेट्री भ्यानको प्रयोग गरेर बालबालिकाहरु लक्षित श्रवण परीक्षण घुम्ती सेवा सुरुवात गरेको हो । यो ध्वनिरोधी सवारीसाधन भएकाले जुनसुकै ठाउँमा गएर पनि बालबालिकाको कान तथा श्रवण जाँच गर्न सकिने बताइएको छ । जाँचका लागि आवश्यक उपकरणहरू गाडीभित्रै जडान रहेको किओच दमक बाल अस्पतालमा डा. जयमणि श्रेष्ठले बताए । उक्त ध्वनिरोधी भ्यान अर्थात् सवारी साधनले श्रवण मूल्याङ्कनको विश्वसनीयता बढाउने बताए । विद्यालयस्तरमा तथा ग्रामीण क्षेत्रहरुमा कानको स्वास्थ्य जाँच कार्यक्रमहरू आयोजना गर्न यसले धेरै नै सहज हुने श्रेष्ठको भनाइ छ ।

काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) का संस्थापक प्राध्यापक डा. भगवान कोइरालाको पहलमा विशेष गरी विपन्न बालबालिकाहरूमा श्रवण अक्षमता निम्त्याउने कानको अवस्थाहरू पहिचान गर्ने अभियान चलाउँदैछौं र यसले सहयोग पुग्ने विश्वास छ, श्रेष्ठले भने । मोबाइल अडियोमेट्री भ्यानको प्रयोगबाट नमुनाको रुपमा केही विद्यालयका बालबालिकाहरुको कान परीक्षण गरिसकिएको छ ।




**सुरक्षित अन्न भण्डारण गरौं**

- बालविवाह सामाजिक र कानूनी अपराध हो,
- बालविवाह गर्ने, गराउने कार्य कानून बमोजिम दण्डनीय हो,
- तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर हुने कानूनी व्यवस्था छ.

त्यसैले,

- बीस वर्ष नपुगी विवाह नगरौं, नगराऔं,
- बालविवाहको विरुद्धमा सबै जुटौ,
- दोषीलाई कानूनको दायरामा ल्याऔ,
- बालविवाह मुक्त समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## त्यो मनको धर्तीबाट टाढा मनाइएको उत्सव!

• सुशिला शर्मा 'शिलु'



लाग्छ धर्तीमा बिहानको लालीको
रंग पोतिन आँटिसक्यो
ऊ आज बिहानदेखि उत्साहित छे
किनकि वर्षौंदेखि पसिना
बगाएको धान खेतमा आज
धानको अन्तिम बोरा भरिँदै छ
मानो रोपेर मुरी फल्ने सपना देख्ने
जमातमा ऊ सबैभन्दा कडा मेहनत
दर्साउने रोपाहार
अनि कहिलेकाहीँ बाउसे नआउँदाको
बाउसे, हली अन्य सबै सबै!

थाहा छैन काम गर्दा पसिना कति बगेर सकिए
कहिलेकाहीँ पसिना बेजोडको
हावाले उडाइदिँदा
उसको सुस्केरा आनन्द मान्थ्यो किनकि
कलेटी ओठमा समेत कति राम्री देखिएकी!

कहिलेकाहीँ पसिनासँग पनि धन्य लाग्छ
कहिले बर्सातको बेजोड पानी
त कहिले एक्कासि आउने ठुलो हुरी
यो सबैले उनीलाई सहयोग गरेका छन्
मौसमी आँसु अनि बेमौसमी आँसु लुकाउन
त्यो पनि सँगै काम गरेका अनगिन्ती
साथी सहेली माझ
सबै भाव बुझिदिने पनि त हुन्नन्!

तर आजको मुरी भित्र्याउने उत्सवबाट
घर पुग्दा सानीको घरमा दियो धेरै चम्केन
उनको मुखको उज्यालो जुन उसको
छोराले सुत्ने बेला भए पनि दर्शन गर्न पाउँथ्यो
त्यो बिना औँसी धमिलियो
श्रम शोषण, ईर्ष्या अनि कठोर नाइकेहरूको
पन्जामा त्यो बालीको ढुकुटी थियो त
त्यो निरीह, अबला अनि एकल नारीको
मनको आवाज कहाँ सुनिन्थ्यो र?

धिपधिपको बत्ती अगाडि एक्कासि सानीको
छोरो देखिन्छ र भन्छ-
आमा आज किन केही ल्याउनु भएन?
अस्तिन कामबाट आउँदा मंसिरमा
भित्र्याउने बेला ल्याउने अन्न भनेको खोइ त?
पुनः एकपल्ट सन्नाटाको
ज्वाला दन्किन्छ र निभ्छ आँखाको ज्योति
धन्न लोडसेडिङले पनि आज आँखाको
तलाउ रोक्न हिम्मत दियो
त्यो नाबालकलाई दिने उत्तर एकैछिन भए पनि
अन्त मोडियो
र मुस्किलले निदाउनु अघि सानीले भन्छिन्-
बाबु!
एकदिन कुनै ठाउँको साहु वा मुखिया बन्न
पुग्यौ भने सबैभन्दा मेहनती र श्रमजीवीको
पसिनाको मूल्यलाई दर्साउने उपहार र प्रेरणालाई
पहिलो क्रममा राख्नू है
अनि मात्र पुण्यको ढोका पहिले
र यमराजको ढोकामा समेत ढिला प्रवेश हुन सक्छ
किनकि
यो संसारको अन्नदाता कोही अन्य छन्
न कि यो वधशालाको लडाइँबाट बाँडिएको
लुटिएको अनि चुँडिएको भागबन्डा र लुछाचुँडी।

## सरकारी जागिर खान गरेको संघर्ष !



• पुस्कर राज जोशी

गाउँको शान्त, सुन्दर र स्वच्छ वातावरणमा मेरो बाल्यकाल बित्यो। प्रकृतिको काखमा रमाउँदै, बाबुआमाको माया र साथीभाइको साथले जीवन सहज र आनन्ददायक थियो। तर जीवन यथास्थानमा स्थिर रहँदैन। समयसँगै लक्ष्य र सोचमा परिवर्तन आउँछ।

म र मेरो साथी रामलालको साझा सपना थियो– लोक सेवा पास गरेर स्थायी जागिर पाउने। यही लक्ष्यले हामीलाई काठमाडौं जाने निर्णय गर्न प्रेरित गऱ्यो।

काठमाडौँ जाँदा मनमा उत्साह र कौतुहलता त थियो। तर गाउँको जीवनशैली छोडेर अनजान सहरतर्फ लाग्दा हृदयमा पीडा र भावुकता पनि कम थिएन। गाउँका गोरेटोहरू, आमाले बनाएको मिठो खाना र बाबाको आशीर्वाद सम्झिँदै हामीले यात्रा सुरु गऱ्यौँ। साथी रामलालको सहयात्रा मेरो लागि ठुलो ढाडस थियो। उनले भनेका थिए, 'सपना पूरा गर्न साहस चाहिन्छ। हामी सफल हुनेछौँ।'

हामीले आवश्यक सामानसहित काठमाडौँको यात्रा सुरु गऱ्यौँ। कीर्तिपुर पाँगामा पहिले नै बसोबास गर्दै आएका हाम्रा दाजुभाइहरूले कोठा र आवश्यक सामानको व्यवस्थापन गरिदिए। तर पहिलो पटक घर छोड्दा मन निकै भारी भयो। आमाले पकाएको खानाको याद, बाल्यकाल बिताएको आँगन र परिवारको माया- यी सबैले मनमा खालीपन ल्यायो।

सायद पहिलो पटक गाउँको वातावरण छोडेर नयाँ ठाउँमा आउँदा मनमा एक किसिमको असहजता थियो। आमा-बाबाको यादले मन भावुक बनायो। आँखाभरि आँसु पो भरिएछ। साथीले नदेख्ने गरी आँसु पुछेँ। आँसु झरेको साथीले देखिहाल्यो। मेरो मनोविज्ञान बुझ्दै मलाई हौसला दियो।

काठमाडौँमा हाम्रो पहिलो गन्तव्य बागबजार थियो। रामलालका काकाले हामीलाई तयारी कक्षामा भर्ना गरिदिए। कोठाको व्यवस्था पनि भयो। तर सहरको भिडभाड, कोलाहल र नयाँ वातावरणले पहिलो केही दिन असहज बनायो। तर,हाम्रो लक्ष्य स्पष्ट थियो। त्यसैले मन बुझाउँदै हामीले नयाँ जीवनको सुरुआत गऱ्यौँ।

काकाबाट प्रेरणादायी कुरा सुन्यौँ, 'सपना देख्न छोड्नु हुँदैन, मेहनत गर्नुपर्छ।' यही विचारले हाम्रो जीवनको गति दियो। नयाँ किताब किन्यौँ र पढाइ सुरु गऱ्यौँ। केही कुरा बुझ्थ्यौँ, केही बुझ्न समय लाग्थ्यो। तर हाम्रो प्रयास निरन्तर थियो। केही कुरा बुझ्यौँ, केही कुरा बुझ्न असहज भयो। तर हाम्रो हिम्मत कहिल्यै घटेन।

पढाइ सुरु भएपछि धेरै कठिनाइ आए। केही विषयहरू बुझ्न गाह्रो भयो, नयाँ पाठ्यक्रमले थकान थप्यो र कहिलेकाहीँ हिम्मत हराएजस्तो लाग्थ्यो। तर साथीको प्रोत्साहन र कक्षामा सिकेका प्रेरणादायी वाक्यहरूले हामीलाई निरन्तर अघि बढ्न सहयोग गऱ्यो। 'सपना देख्न छोड्नु हुँदैन' हाम्रो मार्गदर्शक वाक्य बन्यो।

बिहान चिया पसलमा पत्रिका पढ्ने, विज्ञापनहरूको जानकारी लिने र परीक्षा नजिकिँदै जाँदा अनवरत अभ्यासमा जुट्ने क्रम चलिरह्यो। बिहान पत्रपत्रिका पढ्न चिया पसलसम्म पुग्थ्यौँ। केही नयाँ लोक सेवा उपयोगी लाग्यो फोटो खिचिहाल्थैँ।

अब परीक्षाको विज्ञापन खुल्ने बेला भयो। दुवै जनाले फारम भऱ्यौँ र ज्यान दिएर पढ्न थाल्यौँ।

पहिलो परीक्षा सम्पन्न हुँदा हाम्रो मनमा उत्साह थियो। केही समयपछि नतिजा आयो। मेरो नाम उत्तीर्णको सूचीमा देख्दा खुसीको सीमा रहेन। तर अन्तर्वार्ताको तयारी गर्नुपर्ने भएकाले मैले यो सफलतालाई सानो सफलता मात्र मानेँ। अन्तर्वार्ताका लागि पशुपतिनाथ मन्दिरमा गएर भगवान्सँग प्रार्थना गरेँ। आफ्नो सम्पूर्ण आत्मबल र तयारीलाई प्रस्तुत गरेँ।

नतिजा आयो। मेरो नाम सफलहरूको सूचीमा थिएन। त्यो क्षणले मलाई भित्रैदेखि चोट पुऱ्यायो। तर साथीले मलाई सान्त्वना दिँदै भन्यो, 'यो हार होइन, अर्को अवसरका लागि एउटा पाठ हो।' उनीसँगै पुनः तयारीमा जुट्ने प्रण गरेँ।

गाउँ फर्केर केही समय बाबुआमासँग बिताएँ। उनीहरूको संघर्ष र मप्रतिको माया सम्झिँदा मेरो आत्मबल झन् बलियो बन्यो। हामीले दोस्रो पटक तयारी सुरु गऱ्यौँ। यो पटक प्रयास अझ गहिरो थियो। परीक्षा दिएपछि अन्ततः मेरो नाम पास सूचीमा आयो। खुसीको सीमा थिएन। तर यात्रा यहीँ समाप्त भएन। अर्को चरणमा पुगेपछि नयाँ चुनौतीहरूको सामना गर्नुपर्ने भयो।

यस पटक पनि अन्तर्वार्तामा भाग लिन मनमा डर र उत्साह दुवै थियो। मैले आफ्नो सम्पूर्ण आत्मबल प्रस्तुत गरेँ। साथी रामलालको सहयोगले फेरि उठ्न प्रेरित गऱ्यो। उनले भने, 'सपना सजिलै पूरा हुँदैन। संघर्ष गरिराख्नु नै सफलता हो।'

अन्तर्वार्ता लागि फेरि काठमाडौँ फर्किएँ। साथीहरूले बधाई दिँदै भने, 'अब त निलो पाइन्ट र सेतो सर्ट लगाउने अफिसर बन्छौ।' तर मलाई थाहा थियो, यो यात्राको अन्त्य थिएन।

जीवनको हरेक क्षण संघर्षले भरिएको हुन्छ। अन्तर्वार्ताको दिन मनमा उत्सुकता र डरको मिश्रण थियो। आफ्नो सम्पूर्ण ऊर्जा र आत्मविश्वास लगाएर सहभागी भएँ। यो यात्राले मलाई सहनशील, धैर्यता र निरन्तर प्रयासको महत्व सिकायो। तर दुर्भाग्यवश फेरि मेरो नाम सिफारिस सूचीमा आएन।

यो असफलताले मलाई निराश बनायो। तर मैले हार मानिनँ। साथी रामलालले मलाई सधैँ प्रोत्साहित गरिरह्यो, 'जीवनमा सफलता प्राप्त गर्न धैर्यता र निरन्तर प्रयास जरुरी छ।' यही सोचले मलाई प्रेरित गरिरह्यो।

जब अन्तिम नतिजा आयो, साथी रामलालको नाम सिफारिसमा देखियो। त्यो क्षण मेरो लागि मिश्रित भावनाको समय थियो। म साथीको सफलतामा खुसी थिएँ तर आफ्नै असफलताले भित्रभित्रै दुखी पनि। गरिबीको कठोर वास्तविकताले मलाई फेरि गहिरो सोचमा पुऱ्यायो।

काठमाडौँमा स्थायी जागिर पाउने लक्ष्यले मलाई प्रेरित गरेको थियो। तर गरिबीले हामीलाई कतिपय कुरामा पछाडि पार्थ्यो। स्थायी जागिरको सपना बाँकी रह्यो। त्यसपछि मैले गाउँमा करार शिक्षकका रूपमा काम सुरु गरेँ। त्यहाँ पनि स्थायी र करार शिक्षक बिचको विभेदले मलाई झनै असहज बनायो। स्थायी शिक्षकहरूले पाउने सुविधा, सम्मान र अवसर करार शिक्षकलाई उपलब्ध थिएन। यद्यपि मैले आफ्नो कामप्रति इमानदारी देखाएँ।

'काम सानो ठुलो हुँदैन, त्यसलाई इमानदारीपूर्वक गर्नु महत्त्वपूर्ण हो' भन्ने सोचले मलाई अगाडि बढायो। करार शिक्षकहरू आफ्नो भविष्यप्रति अन्योलमा बाँचेका थिए। 'मानिस काम गरेर बाँच्नुपर्छ, जागिरको स्थायित्वले मात्र जीवन स्थायी हुँदैन' भन्ने विचारले मनलाई कहिलेकाहीँ राहत दिन्थ्यो। तर स्थायी जागिरको अभावले जीवनमा स्थायित्वको कमी महसुस भइरहन्थ्यो।

जागिर स्थायी भए पनि, अस्थायी भए पनि, सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्नु हो। जब हामी आफ्नो कर्तव्यप्रति सचेत र इमानदार हुन्छौँ, त्यसले व्यक्तिगत मात्र नभई देशको विकासमा पनि टेवा पुऱ्याउँछ।

समय बित्दै गयो। जीवनले मलाई धेरै पाठ सिकायो। संघर्ष, असफलता, र धैर्यका महत्वपूर्ण पाठहरूले मलाई परिपक्व बनायो। करार शिक्षकका रूपमा काम गर्दा धेरै विद्यार्थीहरूलाई लोक सेवाको तयारी गराएँ। उनीहरूको सफलता देख्दा मेरो असफलता पनि सार्थकजस्तो लाग्यो।

काम सानो वा ठुलो भन्ने सोचले कुनै अर्थ राख्दैन। हरेक कामले समाजमा महत्वपूर्ण भूमिका खेल्छ। एक किसानले अन्न उत्पादन गर्छ, एक शिक्षकले शिक्षाको ज्योति छर्छ र एक चिकित्सकले जीवन बचाउँछ। यी सबै काम बराबर महत्वपूर्ण छन्। यसर्थ, कामको आकार हेर्नेभन्दा पनि त्यसलाई कसरी इमानदारीपूर्वक गरिन्छ भन्ने कुरामा ध्यान दिनुपर्छ।

आफ्नो कामलाई गर्वका साथ गर्नु र अरूको कामलाई सम्मान गर्नु सभ्य समाजको संकेत हो। जब हामी अरूलाई सम्मान दिन्छौँ, त्यसले हाम्रो आत्मसम्मान पनि बढाउँछ। 'जसले अरूलाई इज्जत दिन जान्दैन, उसले आफैँलाई पनि इज्जत दिन सक्दैन' भन्ने भनाइ हाम्रो व्यवहारमा लागु गर्न सकिन्छ। मनमा अनेकौँ कुरा बिचार आउन थाले। हैट! यस्तो सोच्नु हुन्न। पूरै दार्शनिकको सोच पो आएछ।

मेहनत गर्ने छोडिएन। जीवन एउटा संघर्षको यात्रा हो। हरेक असफलताले नयाँ अवसर ल्याउँछ। मैले बुझेँ, सफलता प्राप्त गर्न असफलता भोग्नै पर्छ किनकि असफलताले मात्र व्यक्तिलाई थप बलियो र परिपक्व बनाउँछ। संघर्षले प्राप्त सफलता सधैँ अर्थपूर्ण हुन्छ। आफैँ कमाउँदै पढ्दै परीक्षा दिँदै ४ पटक अन्तर्वार्ता फेल भएको अनुभव त छ।

स्कुलको फोहोर राजनीतिले नि वाक्क दिक्क भइसकेको थिएँ। स्कुलमा राजनीति गर्नुहुन्न, विद्यार्थीको भविष्यमाथि खेलवाड गर्नुहुन्न भन्दै अभिभावक भेला पारेँ। त्यो स्कुलको गेटमा राजनीतिमुक्त क्षेत्र लेख्यौँ। स्थानीय अभिभावक विद्यार्थीको सहयोगमा एक राम्रो कामको थालनी भयो।

अनेक करण देखाउँदै मानसिक तनाव दिएर करार सेवाबाट निस्किनु पर्ने बाध्यता गराई म आफ्नो राजी खुसीमा छोड्दै छु भन्ने कागज गराउनु भयो। अन्तमा बिदाइ भएँ भनौँ कि बिदाइ गरियो! जे हुन्छ राम्रोकै लागि हुन्छ, जे भयो राम्रो नै भयो। शिक्षक बैठकमा यसै क्षेत्रमा आइएछ भने फेरि भेटौँला भन्दै जीवनमा लक्ष्य ठुलो राख्नुस्, प्रयास इमानदार बनाउनुहोस् र संघर्षलाई सकारात्मक रूपमा स्वीकार गर्नुस् भनिदिएँ।

जागिर नभए नि चार वर्षसम्म अध्ययन गराउँदा १२ पास गरेर बसेका भाइ बहिनीहरूलाई लोक सेवा सम्बन्धी पढाउन थालेँ। मेरो असफल जिन्दगीको कथाबाट सफलताको कहानी सिकेर जाऊ भन्थेँ।

अन्ततः साथी रामलालको हौसलाले फेरि एक पटक मेरो मनमा नयाँ ऊर्जा थपियो। उसले फोन गऱ्यो। 'साथी मैले तिम्रो विद्यालय निरीक्षकमा फारम भरिदिएको छु। केही किताब पठाइदिएको छु। राम्रोसँग पढ यो चोटि १०० % निस्किन्छ' भन्दै हौसला दियो।

संख्या पनि राम्रै खुलेको रहेछ। अन्ततः दोस्रो प्रयासमा मेरो नाम पास सूचीमा पऱ्यो। खुसीको सीमा रहेन। तर यात्रा यहीँ समाप्त भएन। अर्को चरणमा पुगेपछि फेरि नयाँ चुनौतीको सामना गर्नुपऱ्यो। अन्तर्वार्ताको तयारी गर्दै गर्दा मनमा उत्सुकता र डरको मिश्रण थियो। यस पटक मेरो सम्पूर्ण आत्मबल र तयारीलाई प्रस्तुत गरेँ।

यस पटक भने जब अन्तिम नतिजा आयो, मेरो नाम सिफारिस सूचीको पहिलो स्थानमा देखियो। त्यो क्षण मेरो जीवनकै सबैभन्दा ठुलो क्षण बन्यो।

जीवनमा लक्ष्य हासिल गर्न संघर्ष, धैर्यता र निरन्तर प्रयास अनिवार्य रहेछन्। हरेक असफलताले नयाँ अवसर र पाठ दिन्छ। जागिरको स्थायित्वले मात्र जीवनको सार्थकता परिभाषित हुँदैन। बरु आफ्नो जिम्मेवारीप्रति इमानदार रहनु र सकारात्मक सोच राख्नु नै जीवनलाई सार्थक बनाउँछ।

## 'प्रेम प्रस्ताव' होइन, बिहेकै प्रस्ताव गर्ने हो!



• रामचन्द्र अधिकारी

आलिया अमेरिकी राज्य क्यालिफोर्नियाको 'लस एन्जलस' पुगिसकेकी थिई। मलाई आफू पुगेको भनेर नेपालमा उसको 'क्यानोन' क्यामेराले खिचेका हाम्रा संयुक्त फोटाहरू ई-मेल गरेकी थिई।

उसका र मेरा सिंगल फोटाहरू पनि फाट्टफुट्ट पठाएकी थिए। त्यसमध्येको एउटा संयुक्त 'सेल्फी'लाई धुलाएर कोठामा सजाउन मन लाग्यो। समस्या के थियो भने आमोईले यो कसको फोटो भनेर निहुँ खोज्लिन् भन्ने पिर परिरह्यो। एउटा मनोवैज्ञानिक पिर थपियो। आमोईले गज्जबकी रहिछे पो भन्लिन् कि, के थाहा?

आलियालाई अमेरिका पुगे नि उही सिम्पानीका काइँला मिजार/मिजार्नीको जीवनका थप उतारचढावको 'स्टोरी' चाहिएको भन्दै ई-मेल गरेकी थिई।

ई-मेलका फोटाहरू सुटुक्क 'ग्यालरी'मा सेभ गर्दै आलियाको ई-मेललाई 'इगनोर' गरिदिएँ। इगनोर गरिरहेँ।

लस एन्जलसको नामी 'युनिभर्सिटी'बाट पत्रकारितामा 'मास्टर्स' सकेकी आलियालाई अमेरिकी चुनावको 'हट केक' न्युजमा टिप्पणी या विश्लेषण गर्ने जाँगर किन मरेको होला? विश्वभरका 'पोलिटिकल डेस्क' हेर्ने पत्रकारहरू ट्रम्पको विजयलाई आफ्नै किसिमले व्याख्या र विश्लेषण गरेर अझै थाकेका थिएनन्।

रोज सम्पादकीयहरू 'ट्रम्पको पुनः सत्ता पलट' बारे आइरहेकै थिए। तर एक दशक राजनीतिक समाचारहरूमा कलम चलाएकी आलिया चाहिँ पूरै 'युटर्न' भएर किन सिम्पानीका काइँला मिजार र मिजार्नीको जीवनको विवेचना मसँग भिख मागेसरि माग्दै बसेकी होली? अनौठो यही थियो।

ल्यापटप नचलाएको हप्तौँ भइसकेको थ्यो। देउरालीको दैनिकी चलाउन 'वाइफाई' चाहिन्न थ्यो।

नौबिसेमा आलु कत्तिको हुने भयो? कसले कति मुरी धान बेचे? अब ब्याडे राँगो देउरालीमै हुने भयो। देउराली-कोटगाउँ सडक पिच हुने हल्ला छ रे। रमेशको बिहेको निम्तोको कार्ड देउरालीमा पनि आइपुग्या छ। ठिटामिटा जन्ती जाने भइसके। आमोईहरूले पनि रत्यौलीमा श्लील-अश्लील गीतमा रमाइलो गर्ने भनेर सल्लाह गरिसके। रमेशको बिहे भए पनि देउरालीका बुढाउहरूले आफ्नो बिहेको किस्सा सुनाए। पुरातन बिहेका किस्सा अबका 'जेन जी जेनेरेसन'लाई प्राचीन युगको कथासरि भइसक्यो।

मैले पनि मदन दाई र मणिराम मामालाई जन्ती जाने वचन दिएँ। मणिराम मामाको धारावाहिक अकण्टक प्रवचन नसुनेको लामै समय भइसकेको थ्यो। कानलाई हल्का सास्ती भए पनि सबै अरू 'ब्यागेज'लाई छाडेर मामाका अथाह शब्द भण्डारहरूको क्षमता ममा भइदिए हुने भन्ने लोभ लागिरहन्थ्यो। हो, यस्तै चटारो देउरालीमा चलिरहन्छ।

मदन दाइले व्यवस्थापन गरेको जिपमा अटसमटस जन्तीहरू गुन्द्रुक खाँदिएसरि म पनि खाँदिएको थिएँ। उन्मत्त बिहेका जन्तीहरूको मुखमा छाडा शब्दहरू सुनकोशी बगिरहेको जस्तै बगिरहेको थियो।

पाइन्टको खल्तीमा हालेको फोन निरन्तर 'भाइब्रेट' भइरह्यो।

फोन आमोईको थियो कि भन्ने चिन्ता लागिरह्यो। हिजोआज आमोईलाई 'काँसो'ले समातेको छ। बिहानै घरबाट जन्ती बनेर हिँड्दा आमोई काँसिरहेकी थिइन्। मुस्किलले खल्तीबाट मोबाइल निकालेँ। फोन नम्बर स्वदेशको थिएन। प्लस एकबाट सुरु भएको लामो 'डिजिट'वाला नम्बर उही आलियाको थियो।

फोन अमेरिकाबाट 'डाइरेक्ट' गरेकी थिई। मलाई बिहेमा समेत खुलेर झुम्न नदिने आलियासँग लास्टै रिस उठ्यो। आलियालाई मसँग जोडिदिने सिरी दाइसँग पनि झोक चल्यो। नेपालमा आलिया रहँदा बस्दा म पनि फुरुङ्ग भएको थिएँ। देउरालीमा आमोईलाई ढाँटेर एयरपोर्टमा आलियालाई बिदाइ गर्न पुगेकै थिएँ। मैले आलियालाई अत्यधिक मन पराए पनि मनको बह पोख्न सकेको थिइनँ। आलियाको मनमा के थियो मप्रतिको धारणा? म अनभिज्ञ थिएँ।

जनवरी २० भन्दा अगाडि नै काइँला मिजार/मिजार्नीको जीवनको आरोह अवरोह बारे थप लेख्छु भने नि आलियाले मानिन। जनवरी २० नवनिर्वाचित अमेरिकी राष्ट्रपतिले शपथ लिने डेटलाइनलाई आलियाले इन्कार गरी। मेरो निमित्त त झन् जनवरी २० सँग 'गोरु बेचेको' साइनोसम्म थिएन।

मैले मुस्किलले पाँच दिनको समय मागेर फोनमा आलियसँग बिदा मागेँ। तर फोनमा नभनेर आलियाले खुसुक्क 'एसएमएस'मा लेखी- 'आई ह्याभ ए बिग सर्प्राइज, माई डियर। वेट एबाउट फिफ्टिन डेज।'

म खुसीले भित्रभित्रै फुलेल भएँ। आलिया मलाई मन पराउँछे भन्ने लाग्यो। अरू के हुन सक्थ्यो र आलियाको बिग सर्प्राइज!

❖ बाँकी तेस्रो पृष्ठमा

# १६ दिने अभियानले मात्र महिला हिंसा अन्त्य होला त ?



• द्रोण अधिकारी गुहेँली

'हामी सबैको प्रतिबद्धता : लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता' राष्ट्रिय नाराका साथ नेपालभरि यही मंसिर १० गतेदेखि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान चलिरहेको छ । उक्त अभियानअन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विगतमा जस्तै गैरसरकारी संघ संस्थासँग सहकार्य गरेर नेपालमा यो अभियान चलाइरहेको छ । संसारभरि चल्ने यो अभियान हरेक वर्ष महिला हिंसाविरूद्धको १६ दिने अभियान नेपाल देशभरि भव्य रूपमा मनाउने गरिएको छ । प्रत्येक वर्ष मंसिरमा १६ दिनसम्म मनाइने यस अभियानले कति सफलता पायो भन्ने हिसाब किताव नभए पनि बिरालो बाँधेर श्राद्ध गरेकै शैलीमा निरन्तर मनाइँदै आइरहेको छ । नेपालमा वि सं २०५४ सालदेखि लैंगिक हिंसाविरुद्ध विविध चेतनामूलक कार्यक्रमका रूपमा राज्य स्तरबाटै अभियान चलाउन सुरू गरिएको हो । हरेक वर्ष यस अभियानको एउटा नयाँ अन्तर्राष्ट्रिय नारा तय गरेर दिवस मनाइन्छ । नेपालमा मात्र नभएर यो अभियान विश्वभरि नै एउटै समयमा सञ्चालन हुने गरेको छ । अभियान अवधिभरि नारी पुरूष मिलेरै विविध कार्यक्रम पनि गर्ने गरेका छन् । अभियानको उद्देश्य कुनै पनि महिलालाई हिंसा हुनु/गर्नु भनेको कसैकी आमा/दिदीबहिनी/छोरी हिंसामा पर्नु हो भन्ने बोध गराउनु हो । यस अवस्थाको बोध नहुँदासम्म महिला हिंसा नाराले मात्र अन्त्य हुने छैन ।
इतिहास हेर्दा सन् १९६० नोभेम्बर २५ का दिन डोमिनिकन रिपब्लिक देशका तीन दिदीबहिनीले त्रुजिलो सरकारको शासनमा महिलालाई हुने गरेका भेदभाव र अन्यायविरुद्ध सशक्त आवाज उठाउँदै अन्तर्राष्ट्रिय महिला हिंसाविरुद्ध दिवस सुरू गरेका थिए । सन् १९९९ डिसेम्बर १७ तारिखका दिन संयुक्त राष्ट्रसंघले नोभेम्बर २५ लाई अन्तर्राष्ट्रिय महिला हिंसाविरुद्धको दिवस घोषणा गरेको थियो । त्यसयता संसारभर यो दिवस नोभेम्बर २५ देखि १६ दिनसम्म मनाउने प्रचलन रहेको छ । हाम्रो समाजमा भने अभियान सकिएको भोलिपल्ट हिंसाबिरूद्ध नारा लगाउने नै महिला हिंसाका कारक बनेर आउने अवस्था अहिलेसम्म जीवितै छ । जो बढी क्रान्तिकारी भएर महिला हिंसाबिरूद्ध कुर्लन्छ , त्यही हिंसासित गाँसिएर आएका घटना धेरै छन् ।
हरेक घरपरिवारबाटै शिक्षा, स्वास्थ्य, खानपान, जीवनशैली, स्वतन्त्रता र अवसरमा छोराछोरी दुवैलाई समान अधिकार दिने संस्कार विकास हुँदै जाने हो भने कुन समाजमा महिला हिंसा हुँदैन थियो । अभियानले नेपाली समाजमा चेतना बढाए पनि हिंसा अन्त्य तथा सुधार भएको छैन । नेपालमा विभिन्न समयमा भएका क्रुर हत्या, बलात्कार तथा बेचबिखनका अत्यासलाग्दा घटनाहरूले महिला हिंसाका विभिन्न रूपमा जिउँदै रहेको पुष्टि गर्छ । निरन्तर सञ्चालनमा रहेको अभियानको सार्थकता भविष्यमा देखिएला तर अपेक्षित उपलब्धिका लागि सरकार, नागरिक समाज, महिला अधिकारकर्मीलगायत विभिन्न निकायबाट घटनाको गाम्भीर्य र व्यक्तिको मनोविज्ञान बुझेर योजना तथा कार्यक्रम लागू गर्नुपर्ने देखिन्छ । हुन त, पछिल्ला वर्षहरूमा नेपालमा पुरूष हिंसाका घटना पनि प्रशस्तै देखिन थालेका छन् । अधिकारका नाममा महिलाले विनाकारण पुरूषलाई आर्थिक शोषण, मानसिक यातना र कानुनी झमेलामा फसाएर अनावश्यक जेल बस्न बाध्य बनाउने घटनाहरू प्रशस्तै देखिन थालेको अवस्था छ ।
लैङ्गिक हिंसा महिला विशेषको सवाल मात्र नभएर घर, समाज, राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्या भएकाले यसको समाधानका लागि पनि सबै पक्षको पहल आवश्यक देखिन्छ । त्यो पहल चेतना जागृत गराउने कार्यक्रमहरूबाट सुरु गर्दा प्रभावकारी हुन सक्छ । लैङ्गिक हिंसालाई गहन रूपमा बुझ्न जरुरी छ । यो यौन शोषण मात्र नभएर महिलाविरुद्ध हुने सामाजिक/सांस्कृतिक लगायत विविध विभेद नै समग्रमा लैङ्गिक हिंसाभित्र पर्ने भएकाले यसको अन्त्य गर्न घर, समाज र राज्यले संयुक्त पहल गर्नुपर्छ । त्यसका साथै महिलाबाट पुरूषतिर सर्दै गएको हिंसाका घटना रोक्न पनि जरूरी छ । आधुनिकता, समावेशिता जस्ता विशेष अवसरको दुरूपयोग गरेर कतिपय महिलाहरूले पुरूषमाथि हिंसा बढाइरहेका छन् ।
संघीयता कार्यान्वयनमा आएपछि लोकतान्त्रिक गणतन्त्रात्मक नेपालले महिला सशक्तिकरणका लागि विभिन्न अभ्यास र अभियान सञ्चालन गर्दै आइरहेको छ तर, लगानीअनुरूप परिणाम हेर्दा सकारात्मक अवस्था देखिएको छैन । आजको परिवर्तित, शिक्षित, आधुनिक र सभ्य भनिएको समयसम्म आइपुग्दा पनि संसारभर नै भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शारीरिक, मानसिक विभिन्न तरिकाले महिलालाई हिंसा गर्ने प्रवृत्ति कायम रहनु दुर्भाग्य शुभ संकेत मान्न सकिदैन । अमेरिकाजस्तो संसारकै उच्च सभ्यता भएको भनिएको देशमा पनि महिला हिंसा देखिएको अवस्थाले नेपालको हालत झन् के होला ? अनुमान गर्न सहजै सकिन्छ । आगामी दिनमा महिलालाई आत्मनिर्भर बनाउन सकिए उनीहरूविरुद्ध हुने घरेलु हिंसा न्यूनीकरण गर्न सकिने थियो । यस सत्यलाई जानेर पनि नजाने जस्तो व्यवहार देखाउने सरकारी प्रवृत्तिले महिला हिंसा निर्मुल हुन सकेको छैन । नेपाली महिला सिर्जनशील, संघर्षशील, बहुप्रतिभाशाली, सहनशील र साहसी छन् । तर पनि सामाजिक-आर्थिक पक्षबाट हेर्दा अहिले पनि महिला सबै किसिमका अवसरबाट बञ्चित देखिन्छन् । घरपरिवार तथा आफन्तबाटै लैङ्गिक हिंसाको शिकार भएर बस्न नसक्ने अवस्थाका नागरिकहरूको सुरक्षाका लागि सुरक्षित आवासको समेत व्यवस्थापन गर्न सरकारले बेवास्ता गरेको अधिकारकर्मीहरूको गुनासो निरन्तर रहेको छ । तीन तहका सरकार रहेको भए पनि नेपालमा लैङ्गिक हिंसामा परेर पीडित भएकाहरूको सुरक्षा दिने दायित्व कुनै पनि सरकारले नलिँदा समस्या आइपरेको गुनासो पोखिने गरेको छ ।

मेचीदेखि महाकालीसम्म हेर्ने हो भने नेपालमा अझै पनि जबरजस्ती करणी, महिला बेचबिखन, देहव्यापार, बोक्सीको आरोप, दाइजोका नाममा हुने घरेलु हिंसा यथावत् छन् । यी सबै विकृति अन्त्य गरेर जबसम्म महिलाको जीवनस्तर माथि उठाइदैन, तबसम्म देशको विकास सम्भव छैन । किनभने हरेक क्षेत्रमा महिलाको नेतृत्व र सहभागिता अभावले नै देश भ्रष्टाचारको भुमरीमा परिरहेको छ । समाजमा रहेका व्यक्तिहरूका बीचमा महिला र पुरुषका सम्बन्धमा सोच र व्यवहारमा विभेद आउन्जेल समानताको आभास अनुभव गर्न सकिँदैन । मानिस महिला-पुरुष दुवैको संयुक्त रूप हो । मानसिक, शारीरिक र भावनात्मक रूपमा प्रत्येक मानिस एउटै हुन्छ र सबैको लक्ष्य जीवनमा सुख, शान्ति र आनन्द प्राप्त गर्दै एउटा सामाजिक प्राणीको आत्मिक ज्ञान विकास गराउन सक्नु पर्दछ अनि मात्र महिला हिंसा घट्छ । समाजमा महिला भएकै कारण कसैले असुरक्षा तथा हिनताबोध गर्ने वातावरण रहन्छ भने हिंसा त्यही हो । विश्व समाजले चाहेको के हो भने महिला होस् या पुरूष समान अस्तित्वसहित बाँच्न पाउनु पर्छ । सायद हिंसाबिरूद्धको १६ दिनसम्मको अभियानले पनि यही भावना विकास गर्ने लक्ष्य लिएको होला । विज्ञान र प्रविधिले चमत्कारिक फड्को मारिसकेको विश्व मानव समाजमा अहिले पनि महिला हिंसा बन्द गर भन्दै कराइरहनु परेको छ । यो अवस्थाचाहिँ मानव सभ्यताबिरूद्धको अक्षम्य प्रहार भन्नु पर्छ । विकसित होस् या विकाशील सवैखाले राष्ट्रमा महिला हिंसा कुनै न कुनै रूपमा भइरहेकै छन् । नीति, नियम र कानुनी प्रावधान बलियो भएका देशभित्र त निर्मुल हुन नसकेको महिला हिंसा हाम्रो जस्तो देशमा कहाँ सहजै समाप्त होला ? समय र प्रविधिमा आएको फेरबदलसंगै हिंसाको स्वरूपमा पनि शैली फोरिएको छ । हिजो हात र हाते हतियार नै हिंसा गर्ने माध्यम थिए भने आज प्रविधि हिंसा गर्ने साधन भएका छन् ।

जहाँ चरित्रलाई निशाना बनाएर महिला हिंसाका घटना घटिरहेको अवस्था छ । प्रविधि दुरूपयोग गर्नेमा महिला र पुरूष दुवैको उत्तिकै हात देखिने गरेको छ । आश्चर्य त के छ भने महिलाको चरित्र हत्या गर्न महिला नै अगाडि सर्ने घटनाले महिला हिंसा शब्दमाथि व्यंग्य कसिरहेको देखिन्छ । यी सवै घटनालाई मनन् गर्ने हो भने महिला हिंसा पुरूष पात्रका कारण मात्र भइरहेको छैन । महिलाकै कारण पनि महिला हिंसा भइरहेकै छन् । घरभित्रै हुने गरेका लैङ्गिक हिंसालाई लुकाउने परिपाटी अन्त्य नभएसम्म हिंसा पीँडितले न्याय पाउन सक्दैनन् । अबको आवश्यकता जस्तासुकै हिंसा गर्नेलाई पनि कानुनी दायरामा ल्याउनु हो । यसकारण पनि परम्पराका नाममा हिंसा सहनु हुँदैन । यस्तो हिंस्रक प्रवृत्ति रोक्न सवै सचेत भएर एकताबद्ध हुने हो भने मात्र हिंसाको अन्त्य पक्कै हुन्छ । नत्र हरेक वर्ष १६ दिन अभियान चलाएर हिंसा रोकिने वातावरण बन्दैन ।

# बढ्दै कर सङ्कलन लागत

झापा(प्रस) । कर सङ्कलन गर्न लाग्ने सरकारको खर्च बढ्न थालेको छ । सूचना प्रविधिको प्रयोगमार्फत कर लागत घटाउने सरकारको लक्ष्य रहे पनि पछिल्ला दुई वर्ष यस्तो लागत झन् बढेको पाइएको हो ।

आन्तरिक राजस्व विभागका अनुसार गत आर्थिक वर्षमा एक हजार रुपियाँ कर सङ्कलन गर्न तीन रुपियाँ ८४ पैसा खर्च भएको छ । त्यसअघि आव २०७९/८० मा एक हजार रुपियाँ कर सङ्कलन गर्न तीन रुपियाँ ३८ पैसा खर्च भएको थियो । यस्तो खर्च आव २०७८/७९ मा प्रतिएक हजार दुई रुपियाँ २३ पैसा थियो ।




विगत तीन वर्षको अवधिमा मात्रै कर लागत प्रतिएक हजार डेढ रुपियाँले बढेको देखिन्छ । कर सङ्कलनको अवस्थासँग यसलाई तुलना गर्दा गत आवमा विभागले कुल पाँच खर्ब ३३ अर्ब तीन करोड रुपियाँ कर सङ्कलन गरेकोमा त्यसका लागि दुई अर्ब पाँच करोड रुपियाँ खर्च भएको छ । त्यस्तै त्यसअघि आव २०७९/८० मा चार खर्ब ७९ अर्ब ७९ करोड रुपियाँ कर सङ्कलन गर्न सरकारले एक अर्ब ४१ करोड रुपियाँ खर्च गरेको देखिन्छ ।
आर्थिक वर्ष २०७८/७९ मा चार खर्ब ८३ अर्ब ४८ करोड रुपियाँ कुल राजस्व सङ्कलन भएकोमा विभागले त्यसका लागि दुई अर्ब १७ करोड रुपियाँ खर्च गरेको देखिन्छ ।

विभाग र यस अन्तर्गतका कार्यालयले आर्थिक वर्षभर गरेको कुल राजस्व सङ्कलन र त्यसका लागि भएको चालु तथा पुँजीगत खर्चको अनुपातलाई कर लागतको आधार मानिन्छ, जसलाई प्रतिएक हजार रुपियाँ एकाइको अनुपातमा निकाल्ने गरिन्छ ।

विगतमा सूचना प्रविधिको न्यून प्रयोग र थोरै कर कार्यालयका कारण कर लागत बढी हुने गरेकोमा पछिल्लो समय विभागले कर लागत घटाउन सूचना प्रविधिको प्रयोगलाई बढावा दिएको छ ।
अनलाइनबाटै कर प्रक्रियामा दर्ता हुने सकिने र अनलाइनबाटै कर भुक्तान गर्न सक्ने व्यवस्थाका कारण कर लागत घट्दै आएको देखिन्छ तर विगत दुई वर्षमा भने यस्तो लागत केही बढेको विभागकै तथ्याङ्कले देखाउँछ । लक्ष्य अनुसार कर सङ्कलन बढ्न नसक्दा पनि कर लागत बढ्ने अवस्था आउने विभागले जनाएको छ ।

## 'प्रेम...

जन्तीको जिप कटारी बजार पुग्यो। कटारी बजार पुग्नु अगाडि मणिराम मामाको दिव्य प्रवचन 'गान्धी र स्त्रीहरू' भन्ने विषयमा थियो। वास्तवमा जन्ती हिँडेका बेला गान्धी अर्थात् 'बापु'ले आफ्नो 'ब्रह्मचार्य' प्रयोगार्थ 'न्युड वमन' सँग नग्न सुतेको प्रसङ्गले सबै जन्तीलाई झस्काएको थियो।
फोन हातमै थियो। बेहुलाले फोन गरेर म लगायत जन्तीहरूको खबर सोध्यो। मैले जन्तीहरू कटारी बजारमा पुगेर हाँसको छोयलासँग कोदोको लोकल तानिराखेको खबरले बेहुलोको मुख रसाएको हुनुपर्छ। फोन राख्यो।
हाम्रो जिप जन्तीभन्दा निकै अगाडि हुइँकिसकेको थियो।
रमेशको बिहे सकियो।
मैले देउरालीबाट पुरानो सिम्पानीको दृश्य सम्झन खोजेँ। दिमागमा केही फुरेन। अब काइँला मिजार/मिजार्नीबारे के लेखूँ आलियालाई?
यस्तो पनि लाग्यो। किन आलिया अमेरिका बसेर तत्कालीन राष्ट्रपति 'बिल क्लिन्टन' र 'मोनिका'को 'सेक्स स्क्यान्डल' बारे लेख्दिन?
अचम्म त के भयो भने मिजार्नीको चिठी खोज्दा मिजार्नीकी छोरीले लेखेको चिठी पाएँ। आमोईलाई सोध्दा ती दुई चिठीहरू निकै पहिलै आएको बताइन्। बेलाबखत चिठी लिएर आउने मिजार्नीका ज्वाइँ सम्मरे पनि कलेजेको रोग लागेर बितिसकेका थिए। उनले रोज रोज गोरखपुरबाट देउराली मिजार्नीको चिठी ल्याउँथे। मैले थोरै चिठीको मात्रै प्रतिउत्तर पठाएँ। सम्मरेले हरेक पटक 'मिजार्नीलाई भेट्न हिँड्नुस् न ठुला साना' भन्दा मलाई देउरालीबाट गोरखपुर जाने कहिल्यै चाँजो परेन।
'प्रिय ठुला साना,मिजारकी छोरीले पनि तपाईंलाई ठुला साना सम्बोधन गरी भनेर छक्क नपर्नु होला। तपाईं त्यस्तो व्यक्ति हो जसलाई मिजारका तीन पुस्ताले प्रेमले ठुला साना भनेर प्रेमिल नाउँ राखिदिए। त्यसैले मैले पनि तपाईंलाई ठुला साना भन्ने हक थियो, छ अनि रहिरहनेछ।
ठुला साना,भाग्यले हो वा कर्मले सिम्पानीका काइँला मिजारले वयोवृद्ध उमेरमा तरुनी मेरी आमासँग दोस्रो बिहे गरेपछि मेरो दाइ र मैले सिम्पानीमा जन्म लियौँ। तपाईंलाई थाहै छ ठुला साना, कसैले मलाई जन्मनुभन्दा अगाडि मेरो सिम्पानीको पारिवारिक 'बायोडाटा' देखाएर जन्मने हो भनेर सोध्थे भने म जन्मन मान्ने थिइनँ। तर त्यो सुविधा जन्मने कसैलाई पनि हुँदैन।
ठुला साना,गरिबीको दलदल त हामीले कति भोग्यौँ, तपाईं कल्पना गर्न समेत सक्नुहुन्न। हाम्रा बा अर्थात् तपाईंका काइँला मिजार बितेपछि हाम्रा भाँडामा हाल्ने अन्नको एक दाना समेत थिएन। मेरी आमाले 'जा ठुला सानाका पुगेर मागेर ले' भनेपछि तपाईंकी आमोईले होस् कि तपाईंले आफ्नो घरमा भएको जे छ त्यो दिनलाई कुनै लोभ गर्नु भएन। टिबीले थलिएका बालाई मिठो मसिनो खानुपर्दा पनि तपाईंकै नाउ लिनुहुन्थ्यो। भलै तपाईं घरमा त्यति बेला हुनुहुन्नथ्यो। बाले सधैँ ठुला साना नाउ बारम्बार जपिरहँदा मलाई को होलान् र कस्ता मान्छे होलान् ठुला साना लागिरहन्थ्यो।
ठुला साना,हामी गरिबीको गर्तमा त थियौँ, थियौँ। अलि बुझ्ने भएपछि जातको दलनमा कसरी घट्टमा घुन पिसिए सरी पिसिएका रहेछौँ भन्ने थाहा हुँदै गयो।
ठुला साना,तपाईंको जात ठुलो हुनाले तपाईंलाई स्कुल, धारा, मन्दिर र पँधेरोमा अपमान सहनै परेन। बिहे र व्रतबन्धमा हामी अछुत हौँ भनेर खाने भिन्नै व्यवस्था गरिन्थ्यो। मैले सम्मरे भिनाजुलाई सोध्दा जात व्यवस्थामा देउराली पुरानै अवस्थाबाट टसमस नभएको बताएका थिए।

ठुला साना,तपाईंप्रति मेरा मूलतः तीन वटा गुनासाहरू छन्। तपाईं देउराली/सिम्पानी एरियाको एक्लो बौद्धिक व्यक्तित्व हुनुहुन्छ। अमेरिकाबाट 'अन्तर्राष्ट्रिय सम्बन्ध'मा मास्टर्स सकेर देउरालीमा ढुक्कै भैँसी पालेर किन बस्नुभयो?
तपाईं देउराली/सिम्पानीकै शान हुनुहुन्छ। जबकि समाज रूपान्तरणको पक्षमा तपाईं किन मौन बस्दिनु भयो? तपाईंलाई लिङ्कन र गान्धी मात्रै होइन। तत्कालीन विघटित सोभियत संघका 'कम्युनिस्ट' नेताहरू नपढ्नु भएको पक्कै नहोला।
मैले सुनेको थिएँ। अफ्रिकाका चरम गरिबी मुलुकहरूमा त तपाईंले 'युएन' मार्फत जागिर नै खानुभएको थियो भने एसियाको मध्यपूर्व देश जापानमा आधुनिक अर्थशास्त्र समेत पढ्नु भएको थियो।
जसले विश्व बुझेको छ, उही मान्छे चुपचाप बसिदिए पछि कसरी समाजको अनुहार बदलिन्छ?
ठुला साना,सम्पत्तिमा लोभ नगर्नुहुने तपाईंले समाजको विद्यमान छुवाछुत रोक्न तपाईंबाट किन कुनै कदम चालिएनन् ?
अन्त्यमा ठुलो साना,मिजारकी छोरीले 'छोटी मुख बढी बात' गरी नभन्नु होला। हुन त एक्लो बृहस्पति झुट भन्ने उक्ति देउरालीमा तपाईंलाई 'फिट' हुन्छ। अमेरिका र जापानका गल्लीहरूमा 'विथाउट ड्राइभर' वाला ट्याक्सी चढेर फर्कनु भएको तपाईंलाई गाउँका वडाध्यक्षले बाटो पिच गर्ने ' एजेन्डा'लाई चुनावी मुद्दा बनाउँदा कति दिक्क लाग्दो हो।
स्वास्थ्य चौकीमा 'भिडिओ एक्स रे' मेसिनको उद्घाटन हुँदा तपाईंलाई 'आइन्स्टाइन'को चर्चित 'फर्मुला' याद हुँदो हो। अमेरिका र जापानका सुविधा सम्पन्न अस्पतालको याद आउँदो हो।
ठुला साना,तपाईं गोरखपुर आउनुस् कि मलाई देउरालीमा भित्र्याउनुस्। कि हिँड्नुस् जाऔँ अमेरिका। चुपचाप देउरालीमा नसड्नुस्। आगे तपाईंकै मर्जी।
तपाईंकी सावित्री मिजार।
मिजार्नीकी छोरीको चिठीले मेरो हृदयमा चस्का दियो। मलाई बिजुलीको करेन्ट लागेको जस्तो भयो। म चिर निद्राबाट ब्युँझिएँ। मलाई मिजार्नीकी छोरीको अर्को चिठी खोल्ने हिम्मत आएन।
मलाई कतै मिजार्नीकी छोरी सावित्री नै आलिया नगरकोटी त होइन भन्ने लागिरह्यो। फोटो फ्रेममा सजिएकी आलिया नगरकोटी मलाई भने 'हलिउड'की 'आलिया भाट' भन्दा अझ राम्री लाग्यो।

चाहे आलिया नै सावित्री होस् वा नहोस; प्रेम प्रस्ताव होइन, बिहेको प्रस्ताव राख्छु। अनि मात्र लेख्छु काइँला मिजार र काइँली मिजार्नीको 'लाइफ स्टोरी'।


# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७०२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


# आजको राशिफल

**मेष** — आज शुभकार्यको चर्चा चल्नेछ । श्रमको उचित मूल्याङ्कन हुनेछ ।

**वृष** — वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** — आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** — धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** — आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** — शुभ कार्यमा सरिक भइनेछ । आँटेको र ताकेको कार्य पनि पुरा होला ।

**तुला** — आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** — पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** — आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** — आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** — मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** — कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।